माग संख्याको आधारमा निश्चित कामदारले भाषा परीक्षाको आवेदन दिन पाउँछन्

तस्विर: कारोबार

मैया कँडेल
निर्देशक, वैदेशिक रोजगार विभाग
इपिएस कोरिया शाखा

विगत १६ वर्षदेखि रोजगार अनुमति प्रणालीअन्तर्गत नेपाली युवा रोजगारीका लागि कोरिया जाने गरेका छन् । इपिएस सुरू हुनुअघि कोरियाले नेपालबाट प्रशिक्षार्थी कामदारका रूपमा मेनपावरमार्फत युवा माग गर्ने गरेको थियो । पछिल्लो समय कोरियाप्रति नेपाली युवाको क्रेज र आवेदकको संख्या बढ्दै गएपछि यसलाई व्यवस्थित गर्न सरकारले विभिन्न क्षेत्रमा सुधार गर्दै आएको छ । सरकारले हाल जिटुजी प्रणाली विकास गरेर यसका लागि छुट्टै शाखा स्थापना गरी युवालाई कोरिया पठाउँदै आएको छ । निजामती सेवामा विगत ३० वर्षको अनुभव हासिल गरेकी शाखाकी निर्देशक मैया कँडेलले इपिएस प्रणालीलाई थप प्रविधिमैत्री र छिटोछरितो सेवा दिन विभिन्न योजना बनाउँदै आएकी छन् । अर्थशास्त्र र जनप्रशासनमा स्नातकोत्तर गरेकी कँडेलले पछिल्लो समय इपिएस प्रणालीमा विभिन्न सुधारका योजना ल्याएको बताएकी छन् । धादिङको मलेखुमा जन्मिएकी कँडेलले श्रम मन्त्रालयअन्तर्गत पछिल्लो पाँच वर्षयता वैदेशिक रोजगार बोर्ड, वैदेशिक रोजगार विभाग र मन्त्रालयमा काम गरेको अनुभव सँगालेकी छन् । उनी अहिले इपिएसलाई थप सुधार गर्ने योजनामा लागेको बताउँछिन् । इपिएस प्रणाली, आवेदन, छनोट तथा प्रक्रियाका सम्बन्धमा कारोबारकर्मी *गोपाल संग्रौला*ले निर्देशक कँडेलसँग गरेको कुराकानीको सारः

विगत १६ वर्षदेखि रोजगारीका लागि कोरिया जाने युवाका लागि सरकारले अपनाउँदै आएको प्रणाली कस्तो हो ?

२१ जुलाई २००७ (२०६४ साउन ७) मा दक्षिण कोरिया र नेपाल सरकारबीच रोजगार अनुमति प्रणालीमार्फत नेपाली कामदार रोजगारीका लागि दक्षिण कोरिया पठाउन मन्त्रीस्तरीय सम्झौता भएसँगै सन् २००८ देखि कोरिया कामदार पठाउन सुरु गरिएको थियो । दुई/दुई वर्षमा इपिएस नवीकरण गर्नुपर्ने प्रावधान छ । पछिल्लो पटक सन् २०२२ नोभेम्बर २७ मा नवीकरण भएको थियो । दक्षिण कोरिया सरकारले नेपाललगायत अन्य १७ वटा देशबाट कामदार लैजाने गरेको छ । नेपालले सुरुमा कृषि तथा पशुपालन र उत्पादनमूलक क्षेत्रमा कामदार पठाउँदै आएको थियो । सन् २०२३ देखि सिप बिल्डिङ र रुट इन्डस्ट्रिजलगायतका क्षेत्रमा पनि कामदार पठाउन सुरु भएको छ । आर्थिक वर्ष २०८०/०८१ मा १० हजार ७ सय ८ जना युवा रोजगारीका लागि कोरिया उडेका छन् । हालसम्मको विवरण हेर्दा १ लाख ५ हजार ५ सय ४४ नेपाली कोरिया गइसकेका छन् भने करिब ५० हजारजति अहिले पनि कोरियामा काम गरिरहेको अवस्था छ ।

अन्य १६ इपिएस सदस्य देशको तुलनामा नेपालको अवस्था कस्तो छ ?

अन्य देशको तुलनामा नेपालबाट कामदार पठाउने संख्या सबैभन्दा बढी छ । नेपालले बेस्ट प्राक्टिस आउटस्टेन्डिङ अवार्ड-२०१५ प्राप्त गरेको थियो । सन् २०२३ मा नेपाल अन्य १६ देशका कामदारको तुलनामा सबैभन्दा बढी पठाउने पहिलो देश बन्न सफल भएको थियो । वर्तमान अवस्थामा परीक्षा आवेदकको संख्या बढी भएको तर कोरियाबाट माग कम भई छनोट कम भएको छ ।

इपिएसअन्तर्गत कोरिया पठाउने छनोट प्रक्रिया कसरी हुन्छ ?

छनोट प्रक्रियामा भाषा परीक्षा र स्वास्थ्य परीक्षण पास भएका परीक्षार्थीको फाइल एप्रोभ भई रोस्टरमा कायम हुन्छ । त्यसपछि वर्षको चार पटक तीन-तीन महिनाको अन्तरालमा इस्यु लटमा रोस्टरमा भएको परीक्षार्थीको नाम कोरियन रोजगारदाताको मागअनुसारको देश, लिंग, उमेर, अनुभवी/नयाँ, उचाइ, वजनलगायत १:३ को अनुपातमा (१० व्यक्तिको माग भए ३० जना) विवरण एचआरडी कोरियाको रोजगार केन्द्रले रोजगारदातासमक्ष पठाउने गर्छ । रोजगारदाताको छनोटमा पर्न सफल नभएका परीक्षार्थी रोस्टरमै फर्कन्छन् र पुनः अन्य रोजगारदाताको छनोटको पर्खाइमा भाषा परीक्षा उत्तीर्ण गरेको दुई वर्षसम्म बस्नुपर्ने हुन्छ । छनोटमा परेका परीक्षार्थीको श्रम करार कोरियाबाट प्राप्त हुन्छ । त्यसपछि कामदारले राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान, भैसेपाटीमा तालिम लिनुपर्ने हुन्छ । श्रम करारपछि सिसिभिआई प्राप्त हुन्छ । त्यसपछि फारम भरी कोरियन दूतावासमा भिसाका लागि पठाइन्छ । यसरी भिसा प्राप्त भएका कामदारको प्रस्तावित उडान तालिका कोरिया पठाउने गरिन्छ । उक्त तालिकाअनुसार कोरियाले अन्तिम उडानको नामावली पठाउने गर्छ । अन्तिम नामावली आएका कामदार कोरिया उड्न सक्छन् ।

पछिल्लो समय नेपालबाट धेरै युवा छनोट हुने गरेका छन् ? कोरियाले नेपालबाट धेरै कामदार छनोट गर्नुको कारण के हो ?

पछिल्लो समय नेपाली युवाको आकर्षणको गन्तव्य मुलुक कोरिया भएको छ । कोरिया जान युवाहरूमा अत्यधिक प्रतिस्पर्धा हुने गरेको छ । अर्को पक्ष भनेको नेपाली युवाको लगनशीलता, कार्यप्रतिको लगाव, अनुशासन र कोरियाप्रतिको प्रेमभाव राम्रो रहेका कारण पनि पछिल्लो समय कोरियाले धेरै नेपाली माग गर्ने गरेको देखिन्छ । यसैगरी कोरियाको रोजगारदाताले पनि नेपाली कामदारलाई बढी विश्वास गर्ने गरेका कारण पनि नेपालीको माग धेरै हुने गरेको छ । कोरियाले गैरकानुनी रूपमा बस्ने देशका कामदारलाई कम माग गर्ने गरेको छ । यसरी नेपाली अन्य देशको तुलनामा कम संख्यामा गैर कानुनी रूपमा कोरियामा लुकेर बस्ने गरेका छन् । नेपाली तोकिएको श्रम करार अवधि सकिएपछि समयमै स्वदेश फिर्ता हुनाले पनि कोरियाले नेपाललाई सकारात्मक रूपमा हेर्ने गरेको छ ।

पछिल्लो समय धेरै युवाले कोरिया जान भाषा परीक्षाका लागि आवेदन दिने गरेका छन्, जसले गर्दा भाषा परीक्षा सञ्चालन गर्न लामो समय लाग्ने गरेको छ । यसको कारण के होला ?

एउटै परीक्षामा एउटै क्षेत्रको परीक्षा मात्र लिइँदा दुवै देशलाई घाटा हुने देखिन्छ । कोरियाको रोजगारदाताले भनेकै समयमा कामदार उपलब्ध नहुने र नेपालबाट पनि विभिन्न क्षेत्रको मागमा प्रतिस्पर्धा गरी बढीभन्दा बढी कामदार जानुपर्नेमा एउटा सेक्टरको निश्चित कोटामा नेपालीबीच मात्रै प्रतिस्पर्धा हुने भएकाले एउटै सेक्टरमा भाषा परीक्षाका लागि वर्षभरि समय खर्चनुपरेको छ ।

पछिल्लो समय रोजगारका लागि दक्षिण कोरिया आकर्षक गन्तव्य मुलुकका रूपमा देखिएको छ, जसका कारण कम लागतमा जान सकिने, बढी पारिश्रमिक प्राप्त हुने, मानव अधिकारको सुनिश्चित हुने, जिटुजीमार्फत जान सकिने, आफ्नो देश फर्किएपछि सीप सिकाउने, सहुलियत दरमा ऋण उपलब्ध गराउने जस्ता राम्रा पक्ष भएको हुँदा कोरियन भाषा परीक्षामा सहभागी हुन धेरै संख्यामा युवा सहभागी हुने गरेकाले परीक्षा सञ्चालन गर्न धेरै समय लाग्ने गरेको छ ।

आगामी दिनमा माग गरिने आवेदनमा केही परिमार्जन गरिँदै छ भन्ने हल्ला छ, आवेदन दिँदा र लिँदा केके परिवर्तन गर्ने योजना छ ?

पहिले उत्पादनमूलक र कृषि तथा पशुपालन क्षेत्रबाट मात्र कामदार माग हुँदै आएको थियो । २०२३ देखि सिप बिल्डिङ र रुट इन्डस्ट्रिज क्षेत्रबाट पनि नेपाली युवा लैजाँदै आएको छ भने पछिल्लो समय सेवा र वन क्षेत्रको रोस्टर परिवर्तन गराई नयाँ रोस्टर कायम गरेको छ । जसमा सेवा क्षेत्रका कामदार उडानमा गर्न सफल भइसकेका छन् ।

विगतमा कोरियाबाट कुनै क्षेत्रमा कामदार माग गरी इपिएस कोरिया शाखामा पत्र पठाउने र सो शाखाले सोहीबमोजिमको सूचना प्रकाशन गर्नुपर्थ्यो । उक्त सूचनाअनुसार भाषा परीक्षा दिन कुनै संख्या निर्धारण गरिएको थिएन । सन् २०२४ को फेब्रुअरी २२ मा एचआरडी कोरियाबाट रोस्टरमा राखिने संख्याको तेब्बर संख्याले मात्र भाषा परीक्षा फारम भर्ने व्यवस्था गराउनु भनी अनुरोध भइआएको हुँदा आगामी दिनमा सञ्चालन हुने भाषा परीक्षामा रोस्टरमा रहने तेब्बर संख्याले मात्र परीक्षा फारम भराउने निर्णय भइसकेको छ । जस्तो, उदाहरणका लागि कोरियामा एक हजार नेपाली कामदार लैजाने हो भने ३ हजार जना भाषा परीक्षामा उत्तीर्ण गरी सूची (रोस्टर) मा राखिने र भाषा परीक्षामा सहभागी हुन ९ हजार जनाले मात्र परीक्षा फारम भर्न पाउनेछन् । यसका लागि इपिएस कोरिया शाखाले प्रविधिक रूपमा यसका लागि तयारीसमेत गरिसकेको छ । अथवा १ हजार जना कोरिया लैजान्छ भने ९ हजार जनाले मात्र परीक्षा दिन पाइनेछ ।

नेपालबाट उत्पादन, कृषि तथा पशुपालन, सिप बिल्डिङ र सेवा तथा रुट क्षेत्रमा नेपाली जाने गरेका छन्, अब क्षेत्रगत रूपमा आवेदन माग गर्ने तयारी हो ?

उत्पादन, कृषि, सिप निर्माण, रुट इन्डस्ट्रिजको आवेदन माग भएर परीक्षा भई रोस्टर कायम हुन्छ । त्यसैबाट छनोट हुने हुन्छ भने सेवा र वन क्षेत्रको हालसम्म परीक्षा भएको छैन । पुरानो अन्य क्षेत्रको रोस्टरमा रहेका इच्छुक परीक्षार्थीलाई रोस्टर परिवर्तन गराइएको हो ।

इपिएस प्रणाली निष्पक्ष, पारदर्शी र प्रणालीगत हुँदाहुँदै विभिन्न समयमा आवेदनको विषयलाई लिएर विवाद हुने गरेको छ, यसको कारण के हो ?

इपिएस प्रणाली निष्पक्ष र पारदर्शी रहेको विषयमा दुईमत छैन । परीक्षार्थीले कम्प्युटरमार्फत परीक्षा दिइसकेपछि आफूले कति नम्बर प्राप्त गरेँ भन्ने जानकारी तत्काल थाहा हुन्छ । समय-समयमा आवेदनको विषयलाई लिएर विवाद हुनाको कारण कोरियाप्रति नकारात्मक धारणाले नभई बढ्दो सकारात्मक आकर्षणले अनपेक्षित रूपमा हुन गएको हो । प्रणाली हो, विवादभन्दा पनि सधैं आउने समस्या भनेको धेरै परीक्षार्थी पास भई रोस्टरमा हुने तर कम छनोट हुने भएकाले केही परीक्षार्थी रुष्ट हुने हुन्छन् । गत वर्ष कोरियाले एकै सालमा एकभन्दा धेरै क्षेत्रमा परीक्षा आवेदन दिन नपाउने भनी नयाँ नियम लागू गरेको थियो, जुन कारणले विवाद भई आन्दोलन भएको थियो । जसमा इपिएस कार्यालयले कुनै पनि पक्षपात नगरेर कोरियाबाट आएको नियम पालना मात्र गरेको थियो ।

नेपालको इपिएस छनोट प्रक्रियालाई लिएर कोरियाले कस्तो प्रतिक्रिया दिने गरेको छ ?

नेपालको व्यवस्थापन राम्रो भएको भनी सन् २०१५ मा पुरस्कृत गरेको छ । त्यसैगरी सन् २०२३ मा १६ राष्ट्रमध्ये नेपालबाट सबैभन्दा धेरै कामदार १९ हजार ६८९ कोरिया प्रवेश गरेका थिए । यसरी हेर्दा अन्य राष्ट्रको तुलनामा कोरियाले नेपालीलाई उच्च प्राथमिकतामा राखेको देखिन्छ । नेपालको इपिएस प्रणाली हाल आएर दुई देशबीचको द्विपक्षीय समझदारीलाई हलुका रूपमा लिने, जे विषयमा पनि आन्दोलित हुने, यसको पारदर्शिता र विश्वसनीयता नै यसको गहना हो भन्ने कुरालाई राम्रोसँग मनन नगर्ने जस्ता प्रवृत्तिले गर्दा नकारात्मक सन्देश जान्छ कि भन्ने हामीलाई डर लागेको छ ।

हामीले एउटा व्यक्तिलाई हेर्नुभन्दा पनि समग्र राष्ट्रको छवि उचो बनाउने, बढीभन्दा बढी कामदार पठाउने, राम्रो व्यवस्थापन गर्नेतर्फ केन्द्रित हुने हो । अहिलेको समयमा बढी व्यक्तिमुखी प्रवृत्ति बढ्दै गएको आभास भएको छ । मलाई हुनुपर्‍यो, मलाई भएन भने सिस्टम, सम्बन्ध, संवेदनशीलता सबै बिर्सिएर उत्तेजित हुने प्रवृत्ति मौलाउनु देशको हितमा हुँदैन । यस्तो विषयमा र कोरियाको परीक्षालगायतका समग्र विषयमा हामीलाई कुनै पनि शंका/उपशंका छैन । निष्पक्षता, पारदर्शिता, विश्वसनीयता, कम खर्चिलो र बढी सुरक्षित गन्तव्य बनाउन कोरियाले राम्रो कार्य गरेको देखिन्छ ।

हाल कुन-कुन क्षेत्रमा कति युवा रोस्टरमा रहेका छन् ?

हालको अवधिसम्म उत्पादन क्षेत्रतर्फ करिब ९ हजार ७ सय २८ जना, कृषि क्षेत्रतर्फ ९ हजार ६ सय ७२ जना, सिप बिल्डिङ क्षेत्रतर्फ ३ हजार ८ सय ८५ जना र सिबिटी क्षेत्रतर्फ ७ सय ५४ जना गरी करिब २४ हजार जना मात्र रोस्टरमा छनोटको प्रतीक्षामा रहेको देखिन्छ ।

कुनै क्षेत्रमा नयाँ आवेदन माग गर्ने योजना तत्काल छ कि छैन ?

हाल सिबिटी क्षेत्रतर्फ माग भएको थियो, जसमा जम्मा २ हजार १ सय १० जनाको मात्र आवेदन परेको छ । यो क्षेत्रको प्रक्रियाका सम्बन्धमा हाल काम भइरहेको छ ।

सर्भिस सेक्टर र वन क्षेत्र नेपालको लागि नयाँ क्षेत्र हो ? भविष्यमा यी सेक्टरबाट कति नेपाली कोरिया जाने सम्भावना छ ?

नेपालका लागि सन् २०२४ देखि सेवा क्षेत्र र वन क्षेत्र थप गरिएको छ । कोरियन भाषा परीक्षा उत्तीर्ण गरी कृषि तथा पशुपालन क्षेत्र र उत्पादनमूलक क्षेत्रमा रही रोजगारदाताको छनोटमा लामो समयसम्म पर्न नसकेका कामदारलाई स्वेच्छाले सेवा क्षेत्र र वन क्षेत्रमा क्षेत्र परिवर्तन गर्न पाउने अवसर प्रदान गरेको छ । यस क्षेत्रबाट भविष्यमा कति जना जान पाउँछन् भनेर यकिन गर्न सकिँदैन । कोरियाको रोजगारदाताले १६ देशमध्ये नेपाली कामदार छनोट गरेको अवस्थामा मात्र जान पाउनेछन् ।

नेपालको इपिएसलाई अझ बढी छिटो-छरितो प्रक्रियामा काम गर्ने कुनै नयाँ योजना छ ?

प्रचारप्रसारमा जोड दिने इपिएस प्रणालीको प्रक्रिया, पारदर्शिता, सरलता र विश्वसनीयताको बारेमा जनमानसमा स्पष्ट पार्ने योजना छ, जसका लागि प्रचार-प्रसार सामग्रीको प्रयोग बढाउने योजना छ । सरल र पारदर्शी प्रणालीको विकास गर्न इपिएसका प्रायः सबैजसो प्रक्रियालाई अनलाइन प्रणालीमा लैजाने काम भइरहेको छ । भाषा परीक्षाका लागि तयारी गराउन खुलेका संस्थालाई इपिएस शाखामा सूचीकरण गर्ने योजना छ । अनावश्यक सपना देखाउने र आफ्नो अधिकारबाहेकका विषयमा पनि यसो गरिदिन्छु भनी आश्वासन दिने परिपाटीको अन्त्य गर्न पहल गर्ने र गैरकानुनी देखिए कारबाही गरिनेछ । साइबर सञ्चालन गरी बसेका र अनलाइन सेवालगायतका विषयमा प्रशिक्षार्थीलाई सहजीकरण गर्ने सेवा प्रदान गरिरहेका सटरवालालाई कामको प्रक्रियाको पारदर्शिताका विषयमा जानकारीमूलक अभिमुखीकरण तालिम दिने योजना छ । जसले गर्दा सेवाग्राही ठगिनबाट जोगाउन सकिनेछ । कोरियामा काम गरिरहेका कामदारका परिवारलाई अभिमुखीकरण तालिम दिने योजनासमेत छ । कोरियामा कामको प्रकृति, कामप्रतिको लगाव र कमाएको पैसालाई औपचारिक च्यानलबाट भित्राई उत्पादनमूलक काममा लगाउन उत्प्रेरित गर्न विभिन्न कार्यक्रम सञ्चालन भइरहेका छन् । कोरिया सरकारबाट नेपालमा सञ्चालित 'के-हामी कोरिया-ह्याप्पी माइग्रेसन परियोजना' (सन् २०२२ देखि २०२८) लाई उपलब्धिपूर्ण र इपिएसमार्फत कोरिया गई नेपाल फर्किएका नेपालीको जीवनस्तरमा स्तरोन्नति गर्न यस शाखाबाट समन्वय र सहजीकरणको कार्य गरिनेछ । जसले गर्दा कोरियाबाट फर्किएका व्यक्तिलाई उद्यमशीलता र व्यावसायिकतामा जोड्न सकियोस् ।

कोरियन भाषा परीक्षा (इपिएस टपिक) पास गर्दैमा रोजगारीको ग्यारेन्टी हुन्छ भन्ने धेरै युवामा भ्रम छ, के भाषा पास हुँदैमा कोरिया जाने ग्यारेन्टी हो त ?

कोरियन भाषा परीक्षा पास गर्दैमा रोजगारीको ग्यारेन्टी हुन्छ/हुँदैन भन्ने प्रश्न रोजगार अनुमति प्रणालीसम्बन्धी सम्पूर्ण जिज्ञासु व्यक्ति, खासगरी कोरियन भाषा परीक्षा उत्तीर्ण भएर रोस्टरमा प्रतीक्षारत व्यक्तिले थाहा पाउनैपर्ने सर्वाधिक महत्त्वपूर्ण प्रश्न हो । रोजगार अनुमति प्रणालीअन्तर्गत दक्षिण कोरियामा कामदार पठाउने सन्दर्भमा लिइने भाषा परीक्षा उत्तीर्ण गर्दैमा रोजगारीको ग्यारेन्टी हुँदैन । भाषा परीक्षा पास गर्नु भनेको कोरियामा रोजगारका लागि आवेदन गर्न योग्य हुनु मात्र हो । रोजगारीको ग्यारेन्टी होइन । भाषा परीक्षा उत्तीर्ण सबैले कोरियामा रोजगारीको अवसर प्राप्त गर्न नसक्ने, भाषा परीक्षाको म्याद दुई वर्ष मात्र हुने, म्याद समाप्त भएपछि स्वतः रोस्टरबाट नाम हट्ने र रोस्टर अवधि समाप्त भएर नाम हटिसकेपछि कोरियामा रोजगारीको कुनै सम्भावना हुँदैन । कसले रोजगारीको अवसर पाउने वा नपाउने भन्ने कुरा कोरियाको अर्थतन्त्रको अवस्था, कोरियन बजारमा कामदारको आवश्यकता र कोरियन रोजगारदाताको छनोट नै निर्णायक हुने र अन्य कुराबाट प्रभावित नहुने हुँदा भाषा परीक्षा उत्तीर्ण गरी रोस्टरमा नाम रहेका सबैले श्रम सम्झौता प्राप्त भएर कोरियन भिसा प्राप्त नहुँदासम्म आफूले साबिकदेखि गरिआएको वा गर्नुपर्ने काम, पेसा, व्यवसाय, अध्ययन आदि नियमित राख्न अनुरोध गर्छु । विगतमा भाषा परीक्षा पास गरेर रोस्टरमा रहेका कतिपय व्यक्तिले आफ्नो नियमित कार्य छाडी वा नगरी कोरिया रोजगारीको आसमा बस्ने गरेको र रोस्टरको अवधि समाप्त हुँदासम्म रोजगारीको अवसर प्राप्त गर्न नसकी निराश बनेको पाइएकाले यस्तो अवस्था नदोहोरियोस् भन्नेतर्फ समयमै विशेष चनाखो रहनु जरुरी छ ।

इपिएसअन्तर्गत कोरिया जान नेपालीलाई कति खर्च लाग्ने गरेको छ ?

कोरियामा रोजगारी गर्न चाहने नेपालीले भाषा परीक्षा शुल्कबापत २८ डलर, पासपोर्ट बनाउन १० हजार रुपैयाँ, स्वास्थ्य परीक्षण शुल्क ५५.६४ डलर, रोजगार आवेदन फाराम भर्न ५ डलर, भिसाबापत ७८ डलर, अभिमुखीकरण तालिम शुल्क ६३ डलर, व्यवस्थापकीय खर्चबापत ४६.२० डलर, जहाज भाडा ८९५ डलर, ६ वर्षे वैदेशिक रोजगार बीमाबापत ३५ वर्षभन्दा माथि ८ हजार ८ सय ११ रुपैयाँ र ३५ वर्षभन्दा कम ६ हजार १ सय २८ रुपैयाँ, वैदेशिक रोजगार कल्याणकारी कोषमा २ हजार ५ सय गरी लगभग १३ सय ४० अमेरिकी डलरजति खर्च लाग्ने देखिन्छ । साथै हवाई भाडादर समयअनुसार थपघट हुन सक्छ । इपिएस दुवै देशका सरकार संलग्न भएर सञ्चालन गर्ने प्रणाली भएकाले नियमानुसार तोकिएबाहेकको अन्य कुनै खर्च लाग्दैन । सरकारमार्फत सञ्चालन हुने प्रणाली भएको हुँदा ब्रोकर वा दलालले केही भूमिका राख्दैन । त्यसैले गैरकानुनी रूपले कसैले भाषा परीक्षा उत्तीर्ण गराउने वा छिटो रोजगारी मिलाइदिने ग्यारेन्टी गर्ने जस्ता झूटो प्रलोभन देखाएमा त्यस्ताबाट बच्नुपर्छ ।

नेपाली कामदारले प्राप्त गर्न सक्ने पारिश्रमिक सुविधा के-के छन् ?

कोरियामा काम गर्ने स्वदेशी वा विदेशी कामदारले बिनाभेदभाव निर्धारित न्यूनतम पारिश्रमिक पाउने व्यवस्था छ । कामदारले प्रतिघण्टा ९ हजार ८ सय ६० कोरियन वनका दरले मासिक औसत २६ दिनको न्यूनतम २० लाख कोरियन वन (करिब २ लाख १० हजार रुपैयाँ) पारिश्रमिक प्राप्त गर्न सक्छन् । यसबाहेक ओभर टाइम र बिदाको दिन काम गरे अलग्गै भत्ता पाइन्छ । नेपालबाट प्रस्थान गर्नुअघि ६ वर्षे वैदेशिक रोजगार बीमा गर्नुपर्छ भने कोरिया पुगेपछि विदेशी कामदारले स्वास्थ्य बीमा, स्वदेश फिर्ता बीमा, दुर्घटना बीमा, चोटपटक बीमा गर्नुपर्ने हुन्छ ।

इपिएस प्रणालीमार्फत कोरियामा रोजगारी गर्न पाइने अवधि के-कति रहेको छ ?

विदेशी कामदार रोजगारसम्बन्धी कानुनको संशोधन प्रावधानअनुसार सुरुमा तीन वर्षका लागि विदेशी कामदार लिने भए पनि रोजगारदाताले पुनः माग गरे १ वर्ष १० महिना थप्न सकिनेछ । यसरी अधिकतम ४ वर्ष १० महिना लगातार काम गर्न पाइन्छ । उल्लिखित प्रावधानबाहेक तीन वर्षभन्दा बढी कोरियामा कार्य गरेका अनुभवी र इमानदार विदेशी कामदारलाई प्रोत्साहित गर्दै पुनः कोरिया प्रवेशका लागि कम्प्युटरमा आधारित परीक्षा (सिबिटी) दिएर वा ४ वर्ष १० महिनासम्म कम्पनी परिवर्तन नगरी एउटै कम्पनीमा बिताएका इपिएस कामदारलाई स्वदेश फिर्ता भएपछि समेत पुनः अर्को ४ वर्ष १० महिनाका लागि प्रतिबद्ध कामदारका रूपमा कोरियामा काम गर्न अवसर दिने सक्ने प्रावधानसमेत रहेको छ ।

इपिएस प्रणालीमा पछिल्लो समय केके सुधार गरिएको छ ?

आगामी दिनमा कुनै क्षेत्रको माग अगावै परीक्षार्थीले आफ्नो प्रोफाइल बनाई सबै विवरण तथा फोटो राहदानी अपलोड गरी तयार भई बस्न सकिन्छ, जसले गर्दा पछि आवेदन खुलेपछि सोही प्रोफाइलबाट दस्तुर मात्र तिरेर आवेदन बुझाउन सकिन्छ । आगामी परीक्षामा आवेदकको संख्या कोरियाबाट माग भएको पास गर्ने संख्याको तीन गुणाले मात्र फारम भर्न पाउनेछन् । इपिएस कोरिया शाखाले कोरिया एक कार्यकाल बसेर फर्किएपछि कामदार आफैं शाखामा उपस्थित भएर भर्नुपर्ने प्रावधानमा अबदेखि अनलाइनबाट भर्न पाउने व्यवस्था मिलाइएको छ । इपिएसको विषयमा जनचेतनाका लागि प्रचारप्रसारमा जोड दिएका छौं । रुट इन्डस्ट्रिज क्षेत्रतर्फका उम्मेदवारको प्रमाणपत्रको अंक गणना अटोमेटिक प्रणालीबाट हुने व्यवस्था छ । रोजगार आवेदन फारम इन्ट्री गर्दा निष्पक्ष रूपमा सिस्टमबाटै प्रविष्ट गरिने प्रावधान मिलाएका छौं ।

नेपालले सुरुमा कृषि तथा पशुपालन र उत्पादनमूलक क्षेत्रमा कामदार पठाउँदै आएको थियो । सन् २०२३ देखि सिप बिल्डिङ र रुट इन्डस्ट्रिजलगायतका क्षेत्रमा पनि कामदार पठाउन सुरु भएको छ ।

छनोट प्रक्रियामा भाषा परीक्षा र स्वास्थ्य परीक्षण पास भएकाहरूको फाइल एप्रोभ भई रोस्टरमा कायम हुन्छ । त्यसपछि वर्षको चार पटक तीन-तीन महिनाको अन्तरालमा इस्यु लटमा रोस्टरमा भएको परीक्षार्थीको नाम रोजगारदाताको मागअनुसारको विवरण एचआरडी कोरियाको रोजगार केन्द्रले रोजगारदातासमक्ष पठाउने गर्छ ।

कोरियाले गैरकानुनी रूपमा बस्ने देशका कामदार कम माग गर्ने गरेको छ । यसरी नेपाली अन्य देशको तुलनामा कम संख्यामा गैरकानुनी रूपमा कोरियामा बस्ने गरेका छन् । नेपाली तोकिएको श्रम करार अवधि सकिएपछि समयमै स्वदेश फिर्ता हुने गरेकाले पनि कोरियाले नेपाललाई सकारात्मक रूपमा हेर्ने गरेको छ ।

उत्पादन, कृषि, सिप निर्माण, रुट इन्डस्ट्रिजको आवेदन माग भएर परीक्षा भई रोस्टर कायम हुन्छ । त्यसैबाट छनोट हुन्छ भने सेवा र वन क्षेत्रको हालसम्म परीक्षा भएको छैन । पुरानो अन्य क्षेत्रको रोस्टरमा रहेका इच्छुक परीक्षार्थीलाई रोस्टर परिवर्तन गराइएको हो ।

हामी एउटा व्यक्तिलाई हेर्नेभन्दा पनि समग्र राष्ट्रको छवि उचो बनाउने, बढीभन्दा बढी कामदार पठाउने, राम्रो व्यवस्थापन गर्नेतर्फ केन्द्रित छौं । अहिलेको समयमा बढी व्यक्तिमुखी प्रवृत्ति बढ्दै गएको आभास भएको छ । मलाई हुनुपर्‍यो, मलाई भएन भने सिस्टम, सम्बन्ध संवेदनशीलता सबै बिर्सिएर उत्तेजित हुने प्रवृत्ति मौलाउनु देशको हितमा हुँदैन ।

टीबीआई पब्लिकेसन्स प्रा. लि., ४९२ मध्यमार्ग, बुद्धनगर -१० काठमाडौं, नेपाल । ... मुद्रक : एक्सप्रेस कलर प्रेस ... । अध्यक्ष : भवन भट्ट, प्रबन्ध निर्देशक/प्रबन्ध सम्पादक : शिशिर भट्ट । सम्पादक : बालकृष्ण ज्ञवाली
TBI Publications Pvt. Ltd., 492 Madhyamarga, Buddhanagar - 10 Kathmandu, Nepal | Regd. 56/066/067 | Tel.: +97714795000, Fax: +97714795665 | P.O. Box: 10407 | Printed at: Express Colour Press | Chairman: Bhaban Bhatta | Managing Director/ Managing Editor: Shisheer Bhatta | Editor: Balkrishna Gnawali